**निर्णयहरुः-**

**निर्णय नं. १.**

यस भीमफेदी गाउपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भीमफेदीमा "करारमा प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५" तथा सङ्घीय/प्रादेशिक कानून र परिपत्र बमोजिम विभिन्न मितिमा यस कार्यालयसँग करार सम्झौता भई विभिन्न सेवा/समुह र पदमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याङकनमा न्यूनतम ८०% भन्दा बढि अंक हासिल गर्नु भएका तथा कार्यकुशलतामा सेवा प्रवाह सन्तोषजनक देखिएको हुँदा २०८२ श्रावण महिनामा गरिएको सम्झौता बमोजिमनै सेवा सुविधा उपलब्ध हुने गरि निजहरुको सेवा करार नविकरण गर्न तथा दैनिक ज्यालादारीको म्याद थप गर्न मनासिव देखिएकोले कार्यालयको मिति २०८२/०९/३० गतेको निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं.२,**

युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना सञ्चालन कार्यविधि २०७९ दफा १९को उपदफा १,२,३ मा व्यवस्था भए बमोजिम यस भीमफेदी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा आ.व २०८२/०८३ को लागि सूचीकृत १३७ जना बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सूची सम्बन्धित वडामा पठाउने तथा यस आर्थिक वर्षमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्ये प्रथमिकताक्रम अनुसार २४ जना बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्ने ।

**निर्णय नं.-३**

पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ को परिच्छेद ३ दफा ४ को उपदफा ३ मा व्यवस्था भए बमोजिम चालु आ.व २०८२/०८३ को लागि युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना अन्तर्गत रोजगारी आयोजना सञ्चालनको लागि ज्याला रकम शिर्षकको बजेट रु.१७,७२०००।-अक्षरेपि सत्र लाख बहत्तर हजार मध्येबाट २४ जना सूचीकृत बेरोजगार व्यक्तिहरुलाई पुर्वधार मर्मत हुने गरि बेरोजगारहरुको वडागत संख्याको आधारमा आयोजना माग गर्ने भनी मिति २०८२ माघ २३ गते शुक्रबारका दिन स्थानीय निर्देशक समितिको बैठक बसी गाउँ कार्यपालिकामा सिफारिस गर्ने भनी निर्णय भई आए बमोजिम गर्ने।

**निर्णय नं.-४**

युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना सञ्चालन कार्यविधि २०७९ दफा १९को उपदफा १,२,३ मा व्यवस्था भए बमोजिम यस भीमफेदी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा आ.व २०८२/०८३ को लागि सूचीकृत १३७ जना बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सूची सम्बन्धित वडामा पठाउने तथा यस आर्थिक वर्षमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्य प्रथमिकताक्रम अनुसार २४ जना बेरोजगार

व्यक्तिहरुलाई रोजगारी प्रदान गर्न मिति २०८२ माघ २३ गते शुक्रबारका दिन स्थानीय निर्देशक समितिको बैठक बसी गाउँ कार्यपालिकामा सिफारिस गर्ने भनी निर्णय भई आए बमोजिम गर्नै ।

**निर्णय नं.-५**

यस भीमफेदी गाउँपालिकाको सिमित श्रोत र साधनबाट मात्र बर्तमान समय सापेक्ष पूर्वाधार बिकास तथा सामाजिक बिकासका आयोजना/कार्यक्रमहरु संचालन गर्न श्रोत अभाव भईरहेको सन्दर्भमा राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाण्डौंको मिति २०८२/०८/२६ गते प्रकाशित सूचना अनुसार “संघीय समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक बर्ष ०८३/०८४ मा संचालन गरिने आयोजना वा कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना” अनुसार यस गाउँपालिका भित्र रणनितिक उद्देश्य भएका पूर्वाधार बिकास तथा सामाजिक बिकास क्षेत्रसंग सम्बन्धित आयोजना/कार्यक्रमहरु “समपुरक अनुदान सम्बन्धि (पहिलो संशोधन) कार्यबिधी २०८२ र विशेष अनुदान सम्बन्धि (पहिलो संशोधन) कार्यबिधी २०८२ मा भएको ब्यवस्था तथा शर्त समेतको ” को अधिनमा रहि छनौट तथा प्रस्ताव पेश गर्ने ।

**निर्णय नं.-६**

१) यस गाउँपालिकाको वडा नं.-१ सानुटारको हाल सम्म वडा कार्यालय भवन निर्माण नभएको हुँदा हाल श्री राष्ट्रिय मा.वि.सानुटारको हातामा रहेको सामान्य ट्रसबाट सेवा प्रवाह गर्न असहज र जटिलता श्रृजना भएको।

२) उक्त वडा कार्यालयको प्रशासकीय भवन निर्माणको लागि २०८१/०३/०६ गते गाउँ कार्यपालिकाको कार्यालय, भीमफेदी मकवानपुरको नाममा साविकको भैंसे गा.वि.स.वडा नं.-६ हाल भीमफेदी गा.पा.वडा नं.-१ सानुटार स्थित कि.नं.६७० क्षेत्रफल ०-१०-३-० (रोपनी) जग्गा प्राप्ती भएको।

३) उक्त भवनको निर्माण कार्यको लागि यस कार्यालयको प्राविधिक शाखाबाट तयार भएको Design, Drawing र Estimate रु.१,९९,९५,६७०.९१(एक करोड उनान्सय लाख पन्चानब्बे हजार छ सय सत्तरी रुपैया एकानब्बे पैसा मात्र) को प्रतिबेदन पेश भएको।

४) उक्त कार्यको लागि यस गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत चालु आ.ब.०८२/०८३ मा रु.४०,००,००० (अक्षरेपी चालिस लाख मात्र) विनियोजन भएको।

५) विनियोजित बजेट रकम लागत अनुमान रकम भन्दा न्यून रहेकोले नपुग रकम रु.१५९९५६७०.९१(एक करोड उनान्साठ्ठी लाख पन्चानब्बे हजार छ सय सत्तरी रुपैया एकानब्बे पैसा मात्र) आगामी बर्षे गाउँ सभाद्धारा सुनिश्चित गर्ने।

६) उक्त कार्यको ठेक्का व्यवस्थापन गर्न प्राविधिक प्रतिबेदन बमोजिमको Design, Drawing र Estimate स्विकृत गरी निर्माण कार्य तत्काल अगाडी बढाउन कार्यालयलाई अख्तियारी दिने ।

७)उक्त भवनको लागि मकवानपुर जिल्लाको जिल्ला दररेटमा उल्लेख नभएका निर्माण सामग्री (विद्युतिय+स्यानिटरी+ग्रेनाईट आदि) को हकमा नजिकका अन्य जिल्ला, संघीय, प्रदेश सरकारका स्विकृत दररेटलाई समेत आधार मानि लागत अनुमान तयारी गर्ने गरि कार्य गर्ने ।

**निर्णय नं.-७**

यस गाउँपालिकाको चालु आ.ब.०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत " सडक बत्ती हाल्ने कार्य भैंसे भीमफेदी सडक खण्ड " बाट विनियोजित रकम रु.१५,००,०००.०० (अक्षरेपी पन्द्र लाख मात्र) को योजना कार्यान्वयनको लागि सडक सुरक्षा व्यवस्थापन तथा सौन्दर्यकरण समेतलाई आधारमानी वडा नं. २, ४, ५ र ६ को भैंसे-भीमफेदी सडक खण्डका आवश्यक स्थानहरु एकीन गरी विनियोजित बजेटको सीमा भित्र रहि लागत अनुमान तयारी गरी योजना कार्यान्वयनको लागि कार्यालयलाई अख्तियारी दिने ।

**निर्णय नं. ८**

यस भीमफेदी गाउँपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत वृक्षारोपण तथा घेरा बार संझौता वडा नं ४ स्थित निब्टा क्लब निवुवाटार संग भई कार्यसम्पन्न भएको र उक्त विरुवाहरुको वरपर झारपात तथा झाडिले विरुवा हुर्कनलाई अबरोध भएकोले उक्त झारपात, झाडि पन्छाउने र विरुवामा पानी समेत हाल्ने कार्यको लागि एकजना हेरालु व्यवस्थापन गरिदिन हुन भनि ४ नं. वडा समितिको मिति २०८२/०४/३० गतेको निर्णय र वडा कार्यालयको प.स.२०८२/०८३ च.न.५५ मिति २०८२/०४/३० गतेको पत्र बमोजिम ४ नं वडाका स्थायी बासिन्दा बर्ष २८ को बुद्द पाख्रिन लाई सिफारिस गरिएको र निजले निरन्तर रुपमा झारपात उखेल्ने, झाडी फाँडने तथा पानी हाल्ने काम गर्दै आईरहेकोले निजलाई उक्त विरुवा व्यवस्थापन गर्न चालु आ.व. को बढीमा ६ महिनाको (माघ देखि असार) लागि दैनिक ज्यालादारीले पाउने अदक्ष कामदार बराबरको सुविधा दिने।